स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनमोल केसीलाई शीर्ष भूमिकामा लिएर सुरेन्द्र पौडेलले फिल्म 'कृ रिटर्न्स' निर्माण तथा निर्देशन गर्ने भएका छन् । २०७५ सालको यो चर्चित एक्सन फिल्मको दोस्रो सिक्वेल निर्माणलाई लिएर यी दुई जनाबीच प्रारम्भिक छलफल भएको छ, जसलाई सुरेन्द्र र अनमोल दुवैले पुष्टि गरे । सुरेन्द्रले आफ्नो आगामी प्रोजेक्ट 'वरिष्ठ बलराम' (वर्किङ टाइटल)पछि मात्र यो फिल्मको निर्माण सुरु हुने जनाएका छन् । सम्भवतः अंग्रेजी नयाँ वर्षपछि यसलाई छायांकनमा लैजाने तयारी चलेको उनले जनाए ।

आजको विचार...

मेयर...
(दुई पेजमा)

सुकदेव

नेपाली फिल्मका चल्तीका अभिनेताद्वय प्रदीप खड्का र पल शाहलाई एउटै फिल्ममा हेर्ने दर्शकको इच्छा अब पूरा हुने भएको छ । दिनेश राउतको निर्देशनमा बन्न लागेको एक फिल्ममा उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । नाम तय नभैसकेको फिल्ममा उनीहरु दुवै प्रोटागोनिस्ट पात्रको रुपमा रहने लेखक विकास सुवेदीले जानकारी दिए । फिल्ममा दुवैको बराबर भूमिका रहनेछ । सामाजिक विषयवस्तुमा निर्माण हुन लागेको फिल्मको छायांकन आगामी भदौबाट सुरु हुनेछ । फिल्मका लागि पलले असार दोस्रो हप्तादेखि कलाकार अनुप बरालबाट अभिनय सिक्दैछन् ।



❒ वर्ष २८ ❒ अंक ३२६ ❒ २०८० असार ९ गते शनिबार 24 June 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### देशभर मनसुन प्रणाली फैलियो

**पाल्पा,** असार ८/गत जेठ ३१ गते नेपाल प्रवेश गरेको मनसुन देशभर फैलिएको छ । शुक्रबारदेखि यस वर्षको मनसुन प्रणाली देशभर फैलिएको हो ।

नेपालभर मनसुन फैलिन आगमनको दिनदेखि यस वर्ष नौ दिनको समय लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यस वर्ष मनसुन प्रणाली कोशी प्रदेश, मधेस र गण्डकी प्रदेशको पूर्वी भू-भाग र बागमती प्रदेशका अधिकांश भू-भागबाट आगमन भएको थियो । देशभर मनसुन फैलिएको र सक्रिय अवस्थामा रहेको हुनाले आगामी तीन दिन असार ८ गतेदेखि १० गतेसम्ममा देशका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाका साथै सोही प्रदेशका एक/दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । मनसुनको समयमा बाढी, पहिरो, डुबान, भू-क्षय, बाटो हिलाम्य हुने तथा ग्रेग्रान बहावजस्ता प्रभावले सडक तथा हवाई यातायात, कृषि, पर्यटन, स्वास्थ्यलगायत क्षेत्रमा प्रभावित हुनसक्ने देखिन्छ ।

# बेपत्ता भएको १२ वर्षपछि घर

रामचन्द्र रायमाझी —

**पाल्पा,** असार ८/लमजुङ दुतपोखरी गाउँपालिका- ५ कोलीका ८५ वर्षीय बौद्ध गुरुङ्ग बेपत्ता भएको १२ वर्षपछि परिवारको सम्पर्कमा आएका छन् । १२ वर्ष अघि आफन्त भेट्न चितवन हिडेका गुरुङ्ग बाटोबाटै वेपत्ता भएका थिए । बेपत्ता उनी अहिले परिवारको सम्पर्कमा आएका हुन् ।


स्पष्ट बोल्न नसक्ने र गुरुङ्ग भाषा मात्र बुझ्ने गुरुङ्ग २०६८ सालमा कान्छो भाईको परिवारलाई भेट्न चितवन जाने क्रममा गाडीबाटै छुटेका थिए । बोल्न नसक्ने भएकै कारण उनी हराएको आफन्तले बताएका छन् । केही समय अघि गुरुङ्ग पाल्पाको रम्भा गाउँपालिकाको ताहुँमा फेला परेका थिए । उनलाई स्थानीय मोहन थापाले उद्दार गरी तानसेनस्थित निलसागर सेवा आश्रमको सम्पर्कमा ल्याइदिइका थिए । गत वैशाख १६ गते आश्रमको सम्पर्कमा आएका गुरुङ्ग २० दिनपछि पुनः हराएका थिए । पाल्पाको ख्याहामा हिड्डुल गरिरहेको अवस्थामा स्थानीयले सामाजिक सञ्जालमा राखिदिएपछि उनी फेला परेका थिए । उनलाई पुनः आश्रममा ल्याइएको थियो । हराएका उनी फेला परेपछि आश्रमले पहिले ल्याएका मोहन थापालाई जानकारी



गराएको थियो । गुरुङ्ग भेटिएको जानकारी पाएपछि थापाले गुरुङ्गलाई आफैले लैजाने भन्दै आश्रमबाट निकालेको आश्रमका संयोजक प्रकाश गंगोलले बताए । उनका अनुसार गुरुङ्गलाई थापाको जिम्मा लगाएर पठाए पनि केही समयपछि बगनासकाली गाउँपालिका-२ पोखराथोकमा फेला परेका थिए । उनलाई वडा अध्यक्ष तिर्थप्रसाद भट्टराईको सिफारिसमा आर्यभञ्याङ्ग प्रहरीले पुन :आश्रमको जिम्मा लगाएको थियो । १५/२० दिनदेखि पोखराथोकको धरम्पानी चोकमा मागेर खाने, प्रतिक्षालयमा सुत्ने गरेको अवस्थामा उनलाई फेला पारी वडाले असार ४ गते आश्रममा पठाएको हो । वडा अध्यक्ष भट्टराईले फेला परेका गुरुङ्गलाई आश्रममा जिम्मा लगाईदिएको कुरा सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । सामाजिक सञ्जालमा देखेपछि गुरुङ्गका आफन्तले आश्रममा सम्पर्क गरे । गुरुङ्गकी नातिनी सर्मिला गुरुङ्गले सामाजिक सञ्जालमा हजुर बुवाको तस्वीर देखेपछि आश्रममा सम्पर्क गरेकी थिइन् । आश्रममा रहेका गुरुङ्गलाई बिहीबार आफन्तको जिम्मा लगाइएको आश्रमका संयोजक गंगोलले बताए । उनका अनुसार गुरुङ्गलाई उनको नातिनी सर्मिला गुरुङ्गसहित गुरुङ्ग समाज रुपन्देहीका अध्यक्ष शेरबहादुर गुरुङ्गको जिम्मा लगाइएको हो ।

बेपत्ता व्यक्ति सम्पर्कमा आउँदा घर परिवार र गाउँमा खुसी छाएको नातिनी सर्मिला गुरुङ्गले बताईन् । उनका अनुसार हराएको लामो समय हुँदा समेत नभेटिएपछि परिवारले उनको मृत्यु भएको हुन सक्ने भन्दै काजक्रिया समेत गरेको थियो । आफूहरूले एक्कासी हजुरबुवा जिवितै सम्पर्कमा आएको कुरा सुन्दा सपना जस्तो लागेको नातिनी गुरुङ्ग बताउँछिन् । 'बुबा जीवितै हुनुहोला भन्ने हामीले आशा नै गरेका थिएनौं । जीवितै हुनुहुँदो रहेछ । हामी निकै खुसी छौं' उनले भनिन् । गुरुङ्ग अविवाहित रहेको र दाजुभाइसँगै बस्दै आएको आफन्त शेरबहादुर गुरुङ्गले बताए । उनले भने 'बुवालाई बिहीबार बुटलमै राखेर शुक्रबार उनका कान्छो भाईका माइला छोराको जिम्मा लगाई घर पठाइएका छौं ।'

## रामपुरमा अवैध काठ बरामद



**पाल्पा,** असार ८/जिल्लाको रामपुरमा अवैध काठ बरामद गरिएको छ । रामपुर नगरपालिका-७ मल्याङस्थित बाहुनडाँडाबाट किसानबारीतर्फ जाँदै गरेको लु ३ त ५६१३ नम्वरको ट्याक्टरबाट प्रहरीले अवैध काठ बरामद गरेको हो ।

अवैध सालको काठ ल्याउदै गरेको भन्ने गोप्प सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रामपुरबाट खटेको प्रहरी अनुसन्धान अधिकृत सहितको प्रहरी टोलीले ट्याक्टर रोकी हेर्दा अवैध साल जातको काठ फेला पारेको थियो । ट्याक्टरबाट ६० दशमलव ६ क्युफिट अवैध काठ बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

उनका अनुसार ट्याक्टरसहित चालक रामपुर-७ का २८ वर्षीय हेमन्तबहादुर हिस्की, काठ धनी सोही ठाउँका २२ वर्षीय बुद्धिबहादुर श्रेष्ठ र लोड गर्न सहयोग गर्ने सोही ठाउँका ५७ वर्षीय रामप्रसाद श्रेष्ठलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि सव डिभिजन कार्यालय रामपुरमा पठाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## महिलालाई पञ्चेबाजा बजाउन सिकाउँदै मदाने

सरस्वती जिसी —

**गुल्मी,** असार ८/पछिल्लो समय नेपाली समाजमा पञ्चेबाजा हराउँदै गएका छन् । पञ्चेबाजा संरक्षणमा स्थानीय सरकारले चासो नदिएका कारण पञ्चेबाजा हराउदै जान थालेका हुन् ।

बाजा बजाउने पुराना पुस्ताको निधन र नयाँ पुस्ताले चासो नदिदा अहिले पञ्चेबाजा लोप हुन थालेका छन् । भएका युवाहरु समेत विदेश पलायन भएपछि अहिले पञ्चेबाजा बजाउने कार्य हराउँदै जान थालेका बेला गुल्मीको एक स्थानीय तहले भने महिलाहरुलाई बाजा बजाउने तालिम दिएको छ । यहाँको मदाने गाउँपालिकामा पञ्चेबाजा बजाउने सीप हस्तान्तरणसँगै संरक्षण गर्ने उद्देश्यले महिलालाई तालिम दिइएको हो । पालिका र वडा ६ पुर्कोट दहको आयोजनामा मदाने आत्मनिर्भर महिला विकास समितिले महिलालाई तालिम प्रदान गरेको छ । महिलालाई आत्मनिर्भर बनाई स्वरोजगार बनाउने तथा परम्परागत रूपमा रहेको



लोकसंस्कृति बचाई राख्ने उद्देश्यका साथ तालिम प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरले बताए । उनले तालिम नयाँ भएको भन्दै यसबाट सिकेका ज्ञान, सीप अरूलाई पनि सिकाउन सहभागीलाई आग्रह गरे । गाउँपालिकाकी उपाध्यक्ष सरिता खड्काले गुल्मीमै पहिलो नयाँ खालको तालिम सञ्चालन भएकाले आगामी दिनमा अझै फरक किसिमका तालिमहरु सञ्चालन गर्नुपर्ने बताइन् । पुरुष मात्र होइन, महिला पनि अवसर पाए हरेक काममा सक्षम हुन्छन् भन्ने उदाहरण दिनका लागि महिलालाई पञ्चेबाजा बजाउने तालिम प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सालिकराम पन्थीले बताए । दश दिनसम्म चलेको उक्त तालिम एघार जना महिलाको सहभागिता रहेको थियो । पञ्चेबाजा बजाउने तालिम राम्रो र प्रभावकारी भएकाले सहभागीहरूको निकै उत्साहित भएका थिए । पालिकाले तालिममा सहभागीलाई तीन हजार सहयोग प्रदान गर्ने समेत जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मोर्चाको सन्देश

नेपालमा राजनीतिक दलहरूलाई राजनीति आफ्नो पकडमा राख्न जसरी पनि मिल्नु वा मोर्चा बनाएर आफ्नो शक्ति बढाउने प्रयास गर्नु नौलो होइन । अहिले पनि माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी र नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले समाजवादी मोर्चा गठन गरेका छन् । जसको राजनैतिक पृष्ठभूमि र उद्देश्य नै फरक किन नहोस् । २०७४ सालको निर्वाचनमा एमाले र माओवादी केन्द्रबीच मोर्चा बन्दी र एकता नै भयो । २०७९ सालको निर्वाचनमा पनि पाँच दलीय मोर्चा बन्यो । तर यी कुनै मोर्चा बन्दी टिकाउ भएनन् । अहिले माओवादी केन्द्रको अगुवाइमा चार दलीय मोर्चा बनेको छ । यो पनि कति समय टिक्छ भन्न सकिदैन । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको विशेषता पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने पहिलो उद्देश्य मोर्चाको छ । यसका नीतिगत प्रतिबद्धता मूलतः मुलुकको विद्यमान संविधानमै समेटिएका विषय देखिन्छन् ।

संविधानले तय गरेका राज्यका मार्गनिर्देशक सिद्धान्त, नीति र प्रतिबद्धता नै दोहोर्‍याएर नयाँ मोर्चाबन्दी गर्नुको अन्तर्यबारे राजनीतिक वृत्तमा बहस स्वाभाविक छ तर विचार, उद्देश्य मिल्ने राजनीतिक दलहरूको ध्रुवीकरण र एकता अस्थिर राजनीतिक परिवेशलाई स्थिरताउन्मूख बनाउनका लागि भने यो सकारात्मक सन्देश हो । यो सतहमा हेर्दा जनाधार खस्कँदै गएकाहरूको मोर्चाजस्तो लाग्छ । ठूला दलहरूको अन्तरविरोधको परिणाम नै अहिले तेस्रो राजनीतिक दल माओवादीको नेतृत्वमा सरकार छ । यदि नेपाली कांग्रेस र नेकपा एमालेका बीच सत्तासाझेदारी हुने भएमा संसद्मा रहेका बाँकी सबै दलको भूमिका जनतामा पुगेर सरकारविरुद्ध उभिनु, मोर्चाबन्दी गर्नु र अर्को निर्वाचनलाई लक्ष्यमा राख्नुबाहेक अरू केही हुनेछैन । सत्ता साझेदारीका सन्दर्भमा दाबी शक्ति बढाउने रणनीति पनि होला । जे भए पनि दलहरूको साझा थलो बन्नु नराम्रो होइन । लोकतान्त्रिक व्यवस्थामा साझा थलो निर्माणदेखि सिंगो पार्टीको विभाजन सम्मलाई जायज मानिन्छ । अहिलेको मोर्चाले पनि राम्रै सन्देश प्रवाह गर्नेछ । तसर्थ नवगठित मोर्चाले स्थायित्व प्राप्त गरोस् र लोकतन्त्रका मूल्यहरूलाई सबल बनाउन सफलता प्राप्त होस् ।

### Opinion @ Social Network

प्रेम एक अनन्त रहस्य हो
किनकि कुनै उचित कारण छैन, जसले यसलाई व्याख्या गर्न सक्छ ।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मेयर साव ! तानसेनवासीलाई पानी खुवाउनुहोस्

**सुकदेव**

लुम्बिनी प्रदेशमा पर्ने पाल्पाको सदरमुकाम तानसेन एक ऐतिहासिक शहर हो । प्रेमको प्रतिक रानीमहल, रामपुर र माडी फाँट यहाँका सुन्दर स्थान हुन् । यहाँको खानपान र रैथाने परिकारले समेत पाल्पालाई बेग्लै पहिचान दिन्छ । नेपालमा ७ वटा नगरपालिका घोषणा हुँदा वि.स. २००७ सालमा घोषणा भएको यो तेस्रो नगरपालिका हो । तानसेन पहाडकी रानीको नामबाट समेत परिचित छ । शित्तल, शान्त वातवरणीय ऐतिहासिक सांस्कृतिक पुरातात्विक सभ्यताको धरोहरको रुपमा तानसेनलाई चिनिन्छ । यहाँ थुप्रै ऐतिहासिक सम्पदा र पर्यटकीयस्थलहरु रहेकाले पनि तानसेनलाई सुन्दर पर्यटकीय नगरिका नामले समेत सबैले चिन्ने गर्दछन् । तानसेन धार्मिक, सांस्कृति र पर्यटकीय क्षेत्रले परिचित छ तर खानेपानी अभावका कारण तानसेन जुन रुपमा विकास हुनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन । यो अत्यन्त दुःखको कुरा हो । मानिसको आधारभूत आवश्यकता मध्य खानेपानी एक हो । तर त्यही खानेपानीको चरम अभाव तानसेनवासीले भोग्नु परेको छ । यसर्थ तानसेन खानेपानीको अवस्था र समाधानमा भएका पहलका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विगत लामो समयदेखि तानसेनवासीले भोग्दै आएको समस्या मध्ये खानेपानी प्रमुख हो । यहाँ जहिल्यै पानीको हाहाकार हुने गर्दछ । हिउँदको समयमा यहाँ दुई हप्तासम्म पनि खानेपानी नपाउने अवस्था छ । यहाँ कहिले ९ दिन, कहिले ७ दिनमा खानेपानीको धारा आउनाले तानसेनवासीको जनजीवन निकै कष्टकर बन्ने गरेको छ । यहाँ तत्कालिन समयमा बाँझाको पानी विन लिफ्टिङ गरेर प्रताप शमसेरले तानसेनवासीलाई पानी खुवाएका थिए । पछि जापानीजको सहयोगमा भुल्केको लिफ्टिङ्ग पानी, पाल्पा उद्योग वाणिज्य संघको सहयोगमा सिस्ने मुलको पानी तानसेनमा ल्याइएको थियो । तानसेनको खानेपानी व्यवस्थापनका लागि जिल्लाको सर्वदलीय बैंठकमार्फत उपभोक्ता समिति गठन गरी जिम्मा लगाइएको थियो । भागबण्डाको आधारमा तानसेन खानेपानी उपभोक्ता समितिको नेतृत्व काँग्रेसबाट स्व.चाकोरमान शाक्यलाई दिइएको थियो । समितिको उपाध्यक्षमा एमालेका नेता डा. पुरन बज्राचार्य, सचिवमा नेकपा माओवादीका केशव पौडेल, राप्रपाका कोषाध्यक्ष भिमसेन कार्की, सदस्यमा जनमोर्चा, अखण्ड पार्टी र अन्य पार्टी रहने गरी पदहरु बाडफाँड गरियो । तानसेनमा जनघनत्व बढ्दै गएपछि पानीको अभाव समेत सिर्जना हुन थाल्यो । बाँझा, भुल्के र सिस्ने मुलको पानीले मात्र नपुग्ने भएपछि यहाँ अन्य स्रोतबाट पानी ल्याउन विकल्पहरु खोज्न थालियो । खानेपानी कार्यालयले श्रीनगर डाँडाबाट पानी निकाल्ने प्रयास पनि गर्‍यो तर सफल भएन । समितिका व्यक्तिहरुले कालीगण्डकीको पानी तानसेन ल्याउन सके पानी छ्यालव्याल्ती हुने आंकलन गरे । रानीघाटमा गएर नुहाउनु पर्दैन । घरको धारामै पानी आउँछ । हरहर गंगे भनि नुहाए पनि हुन्छ भनि आश्वासन दिँदै गए । कालीगण्डकीबाट लिफ्टिङ गरेर ल्याउने गरी योजना पनि अगाडि बढाइयो । काम पनि भयो । तर अहिलेसम्म पानी तानसेनमा आउन सकेन् । आज विचार तानसेनवासी पानीको प्यासले छट्पटाइरहेका छन् । ढुङ्गे धाराहरुमा जहिले गए पनि, रातीको समयमा पनि भिडभाड भएको छ । खाली पदमा मात्र बसेर यसको व्यवस्थापन गरेझैं गर्ने तर केही पनि नगर्ने अवस्था छ । पानीको कारणले दिनहुँ जसो मान्छेहरु विस्थापित भएर तराइतिर झर्नु परेको छ । हामीलाई लाग्थ्यो धरानका मेयर ज्यूले ४२ किलो मिटर ९२ दिन लगाएर पानी ल्याएर धरानेवासीलाई खुवाए तर तानसेन नगरपालिकाका मेयर सन्तोषलाल श्रेष्ठज्यू के गरिराखेका छन् ? एउटा मेयरले यसरी पानी ख्वाएर धर्मको काम गरे, तर तानसेनका मेयरको यसतर्फ कुनै चासो छैन । पानी सम्पूर्ण प्राणीहरुलाई अति आवश्यक पर्छ हो तर तानसेनका मयेरले किन गर्न सक्नु भएन ? मयेर नगरका अभिभावक हुन् तर जनता पानी नपाएर छट्पटाई रहँदा पानी खुवाउनेतर्फ पहल गर्न सकिरहेका छैनन् । मखनटोलदेखि शित्तलपाटीका व्यवसायीहरुले सटरमा व्यवसाय गर्दै वर्षौदेखि आफ्नो जीवन यापन चलाउँदै आइरहेकाहरुको रोजीरोटी खोसियो । व्यापारीहरुको पसल ३५ दिनको सूचना टाँस गरी ३६ दिनको दिन ३ घण्टामा ५७ सटर डोजरले भत्काइयो । त्यो दुकानको टहरा भन्दा हामीलाई तानसेनवासीहरुलाई पानीको आवश्यकता थियो । के हेरर बसेको छ नगर सरकार ? के गर्दै छन् राजनीतिक दल ? तपाईहरुका कारणले तानसेनवासी रोइरहेका छन् । कस्ले सुनिदिने ? तानसेनमा ११ दिनसम्म पानी नआउँदा नागरिक अगुवा सुवर्ण मुनी शाक्यको नेतृत्वमा तानसेन खानेपानी उपभोक्ता समितिको कार्यालयमा तानसेनवासी डेलिगेशन गएका थिए । तानसेनवासीको एउटै आवाज थियो ‘खानेपानी देऊ’ । डेलिगेशनमा गएका टोलीले समितिका कार्यवाहक अध्यक्ष डा. पुरन बज्राचार्यलाई भेटेर पानी दिन आग्रह गरे । तर अध्यक्षले भने गैरजिम्मेवार जवाफ दिर्दै करेन्टको भोल्टेज नभएकाले पानी आउन नसकेको जवाफ दिए । अध्यक्षले अहिले २ सय ६० भोल्टेज छ । हामीलाई पानी तान्न ३ सय ८० भोल्टेज चाहिन्छ भन्ने जवाफ दिएपछि तानसेनवासीले किन यस्तो भयो भनि प्रश्न गरेका थिए । हामीले सोध्यौं विद्युतको कारणले हो तपाईहरुले विद्युतलाई नै सोध्नुस् । हामी मध्ये एक जना दाईले तुरुन्त उहाँकै अगाडि मोबाइलबाट फोन गर्नु भयो । विद्युतका हाकिमलाई सबैले सुन्ने गरी प्रश्न गर्नु भयो । आज तानसेनमा पानीको हाहाकार छ । अध्यक्षज्यूले तपाईहरुको कारणले तानसेनमा पानी नआएको भन्ने छ नि ? हाकिम साबको जवाफ आयो होइन खानेपानीले खानेपानीको लाइन यहाँबाट दिएको छैन् । यो त बुटवलबाट सिधैं बतासेडाँडा गएको छ । त्यहीबाट लाइन वितरण भएको छ भन्ने जवाफ आयो । के गर्ने हामीले भन्दा बुटवलमा कुरा गर्नुस् भनेर जवाफ आउँछ । फेरि सबैले अध्यक्षज्यूलाई गाली गलौज गर्छन् । यस्तो कुरामा पनि नसोची अरुलाई लाञ्छना लगाउने भनि हामी विद्युत कार्यालयतिर लाग्यौं । प्रमुखसँग सुवर्ण दाइले भुल्केको करेन्ट सम्बन्धी के कसो भएको छ हामीसँग टेक्निसियन लिएर जानुपर्‍यो भनेर अनुरोध गरेको २० मिनेटपछि विद्युत कार्यालयका प्रमुख, प्राविधिक साथी लिएर सबै भुल्केको २ र ३ नं. पानी जम्मा गर्ने ठाउँमा गयौं । एकजना खाने पानी कर्मचारीलाई पनि लिएर गइयो । त्यहाँ जाँदा जापनिजले दिएको पानी तान्ने मेसिन त्यतिकै अलपत्र रहेको थियो । विद्युतका प्रमुख ट्रान्सफर्म हेर्न जानुभयो र ट्रान्सफर्मको भोल्टेज पनि बढाउन मिल्छ भन्ने हामीलाई जानकारी गराउनु भयो । खानेपानीको सम्पत्ति छुन हुन्न केही कर्मचारीलाई सोध्यौ र हाकिमसाबले प्राविधिकलाई भोल्टेज बढाउँदा २ सय ६० बाट ४ सय १२ भोल्टेज भएको थियो । त्यहाँ बस्ने कर्मचारीले म ९ वर्ष भयो जागिर खाएको यसरी गर्न मिल्छ भन्ने मलाई थाहा थिएन । संयोग हामी जानु भन्दा १ घण्टा अगाडि पानी तान्ने मेसिन बिग्रिएको थियो । यस्तो सानो तिनो काम पनि गर्न नसक्ने कस्तो समिति हो । तानसेनमा पानीको कारणले विस्थापित भएको जनगुनासो थाहा पाएन ? पानी हाहाकार भएको देख्नु भएन ? आदारणीय तानसेन नगर पिता जनता आक्रोस छन् । जे पनि हुन सक्छ । आज तराईमा ४५/४६ डिग्री तापक्रम रहेको छ । तानसेनमा २६/२७ डिग्री भएकाले छिमेकी बुटवल भैरहवा, लुम्बिनी, भारत लगायतका जनताहरु गर्मी छल्न तानसेनमा केही दिन बस्न आएका छन् । होटलहरुले पानी ट्याक्टरमा किनेर पाहुनाहरुको स्वागत गरिरहेका छन् । मेयर साव किन मौन ? हर्क साम्पाङ झैं बन्नुस् तानसेन जनतालाई पानी खुवाउने पहिलो काम तपाईको हो । यस पर्यटन नगरीको अझ विकास गरौं किन चुप लागेर बसेको ? हामी तानसेनवासी साथमा साथ मिलाएर सहयोग गर्न तयार छौं ।

*तानसेनको खानेपानी व्यवस्थापनका लागि जिल्लाको सर्वदलीय बैंठकमार्फत उपभोक्ता समिति गठन गरी जिम्मा लगाइएको थियो । भागबण्डाको आधारमा तानसेन खानेपानी उपभोक्ता समितिको नेतृत्व काँग्रेसबाट स्व.चाकोरमान शाक्यलाई दिइएको थियो । समितिको उपाध्यक्षमा एमालेका नेता डा. पुरन बज्राचार्य, सचिवमा नेकपा माओवादीका केशव पौडेल, राप्रपाका कोषाध्यक्ष भिमसेन कार्की, सदस्यमा जनमोर्चा, अखण्ड पार्टी र अन्य पार्टी रहने गरी पदहरु बाडफाँड गरियो । तानसेनमा जनघनत्व बढ्दै गएपछि पानीको अभाव समेत सिर्जना हुन थाल्यो । बाँझा, भुल्के र सिस्ने मुलको पानीले मात्र नपुग्ने भएपछि यहाँ अन्य स्रोतबाट पानी ल्याउन विकल्पहरु खोज्न थालियो । खानेपानी कार्यालयले श्रीनगर डाँडाबाट पानी निकाल्ने प्रयास पनि गर्‍यो तर सफल भएन । समितिका व्यक्तिहरुले कालीगण्डकीको पानी तानसेन ल्याउन सके पानी छ्यालव्याल्ती हुने आंकलन गरे । रानीघाटमा गएर नुहाउनु पर्दैन । घरको धारामै पानी आउँछ । हरहर गंगे भनि नुहाए पनि हुन्छ भनि आश्वासन दिँदै गए । कालीगण्डकीबाट लिफ्टिङ गरेर ल्याउने गरी योजना पनि अगाडि बढाइयो । काम पनि भयो । तर अहिलेसम्म पानी तानसेनमा आउन सकेन् । आज विचार तानसेनवासी पानीको प्यासले छट्पटाइरहेका छन् । ढुङ्गे धाराहरुमा जहिले गए पनि, रातीको समयमा पनि भिडभाड भएको छ । खाली पदमा मात्र बसेर यसको व्यवस्थापन गरेझैं गर्ने तर केही पनि नगर्ने अवस्था छ । पानीको कारणले दिनहुँ जसो मान्छेहरु विस्थापित भएर तराइतिर झर्नु परेको छ ।*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : कामका अवसर फेला पर्नेछन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । मनमा शान्ति छाउनेछ। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : अधिकारका लागि संघर्ष गर्नुपर्ला। परिवारमा केही असामान्यता देखिन सक्छ। |

# साहित्य दर्पण

जीवनी — देवेन्द्रराज शाक्य

## ओभ्रेलमा परेको पाल्पाली कलाकार 'बाँके हरि'





असनटोल तानसेन निवासी पिता शेरबहादुर बज्राचार्य र माता चुनकुमारी बज्राचार्यको जेष्ठ सुपुत्रको रूपमा पि.सं. १९९७ साल फागुन शिवरात्रीका दिन बुटवल निमचोकमा हरिबहादुरको जन्म भयो । सम्पन्न आर्थिक परिवारमा जन्म भएको कारण कुनै आर्थिक समस्या भोग्नु परेन उनलाई । बाल्यकाल रम्दै रमाउँदै बित्यो । किशोरावस्थामा पाइला टेक्दा नटेक्दै उनको झुकाव गीत संगीत, नाँचगानमा भयो । यही झुकावले उनलाई एउटा सफल कलाकारको रूपमा चिनायो । तानसेनमा हुने हरेक नाटकमा एवं झ्याउरे नाँचमा उनको उपस्थिति देखियो । हरीलाई तानसेनको स्थापित कलाकारको रुपमा पनि चिनिन्छ । सूर्यविक्रम ज्ञवाली प्रधान सम्पादक रहेको नेपाल राजकिय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली संक्षिप्त शब्दकोषमा बाँका शब्दको अर्थ बहादुर, वीर, पट्ठो उल्लेख भएको छ ।

हरि बहादुरको गदकाठी मोटो डल्लो गठिलो भएको र स्वभावमा कसैसँग नदब्ने, सुरो, हाक्की खालको थियो । यही कदकाठी र स्वभावका कारण उहाँका साथीभाईहरु उनलाई बाँके भनेर बोलाउन थाले । पछि गएर उनलाई बाँके हरीको नामले चिनिन थालियो । उनी नाट्य कलाकार मात्रै होइन, गायक पनि हुन् । नाटकको गीत होस् या लाउरेको गीत होस्, उनी आफैले गीत गाउने गर्थे । झ्याउरे नाँचमा उनको नृत्य दर्शकहरूलाई मन्त्रमुग्ध पार्ने खालको हुन्थ्यो । तबलाको थाप, संगीतको तालसँगै उनको खुट्टाको चाल हेर्न लायकको हुन्थ्यो । बाल्यकालमा मैले पनि नाँच हेर्ने अवसर पाएको छु । उनी झ्याउरे नाँचमा नाचेको मलाई सम्झना छ । उनको नशा नशामा कलाकारिता भरिएको छ । उनी एक कुशल कलाकार मात्रै होइन एक कुशल शिक्षक एवं एक अनुभवी फुटबल खेलाडी समेत हुन् । उनले नारीलाई शिक्षाप्रति जागरूक बनाउने तानसेनमा वि.स. २००७ सालमा स्थापना भएको मोहन कन्या माध्यमिक विद्यालयमा २०१७ देखि २०१९ सम्म अध्यापन गरेका थिए । त्यसबेला उनको मासिक तलब रु. ६०/- मात्र थियो ।

तानसेन शिक्षा, संस्कृतिको सहर हुनुका साथै खेलकुदको सहर पनि हो । फुटबल खेल सबैले रुचाउने र खेल्ने खेल हो । उनी एक कुशल फुटबल खेलाडी पनि हुन् । उनीतानसेनको श्रीनगर टिमबाट खेल्नुका साथै हाइस्कूलको टिमबाट पनि खेल्ने गर्थे । उनले नायक भएर खेलेका केहि नाटकहरू यसरी उल्लेख गरिएको छ ।

**- नाटक (माटो) वि.सं. २००९ मा मञ्चन**

लेखक/निर्देशक चिनियालाल बज्राचार्य थिए । नायक विरे हरिबहादुर बज्राचार्य, नायिका यसपाल शाक्य थिए ।

वि.सं. २००८ सालमा स्थापित जनता माध्यमिकको सहयोगार्थमा यो नाटक मञ्चन गरिएको थियो ।

**- दोस्रो विवाह शिर्षकको नाटक २०११ (भगवती मन्दिर परिषरमा मञ्चन)**

लेखक कमलराज रेग्मी थिए । नाटकको भूमिका हरि बहादुर बज्रार्च अर्थात् बाँके हरिले गरेका थिए ।

- भरतमिलाप अर्को नाटक (२०२२ सालमा मञ्चन)

लेखक निर्देशनमा अम्बिका प्रसाद लाकौल थिए भने नायक भरतको भूमिकामा हरि बहादुर बज्राचार्य थिए ।

**-पद्म पाब्लिक हाइस्कूलको वार्षिक उत्सवको अवसरमा कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थी समूहले दोस्ती (२०१४) नाटक**

अन्धाको भूमिका- हरि बहादुर बज्राचार्यको कुशल अभिनय गरेका थिए । हिन्दी चलचित्र दोस्तीलाई लिएर बनाइएको यो नेपाली नाटक धेरै दर्शकहरुले निकै प्रशंसा गरेका थिए । सबैले मेरा दोस्ती मेरा प्यार भन्ने बहुचर्चित गीत गुनगुनाउने गर्दथे ।

**- बुद्ध दर्शन अर्को नाटक (२०२९)**

आयोजक आनन्द विहार, तानसेन रहेको थियो । छन्दकको भूमिका हरि बहादुर बज्राचार्य थिए भने राजकुमार सिद्धार्थको भूमिका छत्रराज शाक्य थिए । यो नाटक टुँडिखेलमा मञ्चन गरिएको थियो । यति धेरै नाटकहरुमा नायकको भूमिकममा अभिनय गर्ने उनी एक्लो व्यक्ति हुन् भन्दा अत्युक्ति नहोला । तानसेनमा नाटक देखाउनु पर्‍यो भने नायकको लागि उनलाई नै छनोट गरिन्थ्यो । संस्कृतिको धनी सहर तानसेनमा गाठे मंगलदेखि छोकडा नाँच (बोलीचालीको भाषामा झ्याउने नाँच भनियो) निकालिन्थ्यो । हरि बहादुर बज्राचार्यले तानसेनमा स्थापना गरिएको बालहित पुस्तकालयलाई सहयोगको लागि निकालिएको झ्याउरे नाँचमा नायक भएर नाच्न शुरू गरेको बताउँछन् । यो बि.स. २०११ साल तिरको कुरा हो । त्यसपछि त प्रत्येक वर्ष झ्याउरे नाँच भयो । उनी वि.स. २०१८ सालमा आई.ए.को परीक्षा दिन काठमाडौं गए । अन्तिम परीक्षाको अघिल्लो दिन स्वयम्भु घुम्ने क्रममा साइकल दुर्घटना भई हात भाँचिए पछि अन्तिम परीक्षामा सम्मिलित हुन सकेनन् । त्यसपछि अध्ययनको क्रमले पूर्णविराम लियो र व्यापार व्यवसाय एवं ठेक्कापट्टा तिर लागे ।

हाल उनी ८३ वर्ष पुगेका छन् । यो उमेरमा पनि उनको स्मरण शक्ति कत्ति पनि कम भएको छैन । एक पछि अर्को घटना स्मरण गर्छन् । आँखाको ज्योति पनि कम भएको छैन । उनले यो उमेरमा पनि लेखपढ गर्न सक्छन् । बोल्नमा कम छैन् । धारा प्रवाह बोल्न सक्छन् । वि.स. २०५५ वैशाख अक्षय तृतीयाका दिन ब्रह्माकुमारी राजयोग केन्द्रको केन्द्रिय कार्यालय माउण्ट आबुमा गई दिक्षा लिनु भए पश्चात हाल सम्म नियमित रूपमा ध्यान साधना गर्दै आएका छन् । यसले जीवनमा थप उर्जा प्राप्त भएको उनी बताउँछन् । पाल्पा तानसेन भाषा कला, संस्कृति, साहित्य र शिक्षाको ऐतिहासिक भूमि हो । साहित्यको चार विधा मध्य नाटक विधाका लागि समेत पाल्पा तानसेन अग्रणी छ । रंगमञ्चमा उत्रेर नाटकको भूमिका निर्वाह गरी नाटकको व्यणपिकरण गर्ने पाल्पाली पुराना कलाकार बाँके हरिलाई वर्तमान समयमा सबैसमक्ष चिनाउने सानो प्रयास स्वरुप यो लेख तयार पारिएको हो । ओझेलमा परेका बाँके हरि जस्तै अन्य कलाकारहरुको समेत खोजीनीति हुनु जरुरी छ ।


## सूचना ! सूचना !! सूचना !!!

## जग्गा दर्ता सम्बन्धी सूचना

यस पाल्पा जिल्लाको साविक गाविस मस्याम हाल तिनाउ वाड ०६, साविक गाविस कुसुमखोला हाल रिब्दीकोट गा.पा. वडा नं. ०५, साविक गाविस नायरनम्तलेस हाल बगनासकाली गा.पा. वाड ०३, साविक तानसेन ना.पा वाड ११ बर्तुङ्ग २ र ३ मदनपोखरा वाड ८ हाल तानसेन नगरपालिका वाड ०७, साविक गाविस खालीवन हाल रामपुर न.पा वाड ०८, पुनः नाप जाँच सम्पन्न भई जग्गा दर्ताको लागि सात दिने सूचना प्रकाशन गर्ने क्रममा रहेकोले आफ्नो जग्गाको प्रमाण लिएर सात (७) दिने सूचना प्रकाशन भएपछि सम्बन्धित नापी टोलीमा सम्पर्क गर्न हुन सुचित गरिन्छ ।

**विशेष नापी कार्यालय**
**तानसेन, पाल्पा**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
**मदनपोखरा बहुप्राविधिक शिक्षालय**
**तानसेन-०५, दमकडा,पाल्पा**

**सुरक्षा गार्ड तथा सरसफाई कर्मचारी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०३/०८**

प्रस्तुत विषयमा यस मदनपोखरा बहुप्राविधिक शिक्षालय, दमकडा पाल्पाको लागि आर्थिक वर्ष २०८०/०८१ मा सम्झौता भएको मितिले १ बर्षसम्मको लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिन ठेक्का करार गुर्न पर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आह्वान गरिएको छ ।

- सुरक्षा गार्ड संख्या: जम्मा ४ जना
- सरसफाई कर्मचारी १ जना
- आवश्यक सेवा अवधि : शुरुमा सम्झौता भएको मितिले १ बर्ष (सेवा सन्तोष जनक रहेमा म्याद थप गर्न सकिने)

१. सिलबन्दी प्रस्ताव फाराम तथा यस सम्बन्धी थप जानकारी मदनपोखरा बहुप्राविधिक शिक्षालय, दमकडा, पाल्पाबाट प्राप्त गर्न सकिनेछ ।
२. प्रस्ताव सम्बन्धी कागजात २०८०/०३/०८ देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, सामाजिक सुरक्षा कोषमा दर्ता भई नियमित योगदान गरिरहेको प्रमाण र मदनपोखरा बहुप्राविधिक शिक्षालय, दमकडा, पाल्पाको नाउँमा प्राइम कर्मसियल बैंक दमकडा शाखामा रहेको खाता नं. १५६०००२४CA मा रु. २०००/- बुझाएको सक्कलै बैंक भौचर संलग्न राखी निवेदन पेस गरी प्रस्ताव खरीद गर्न सकिनेछ । प्रस्ताव सम्बन्धी कागजात २०८०/०३/२२ गते दिउँसो १२:०० बजे सम्म यस शिक्षालयको प्रशासन शाखामा बिक्रीका लागि उपलब्ध हुनेछ ।
३. खरिद भएको सिलबन्दी प्रस्ताव २०८०/०३/२२ गते साँझ ३:०० बजे भित्र यस शिक्षालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. सिलबन्दी प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनवाट ४५ दिनको हुनेछ ।
५. दर्ता भएका सिलबन्दी प्रस्ताव २०८०/०३/२४ गते दिउँसो २:०० बजे सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधिहरु र शिक्षालयका प्रतिनिधिहरुको रोहवरमा यस शिक्षालयमा खोलिनेछ । सिलबन्दी प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।
६. सिलबन्दी प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि शिक्षालयय खुलेको दिन सोही समयमा हुनेछ ।
७. सिलबन्दी प्रस्ताव पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार मदनपोखरा बहुप्राविधिक शिक्षलयमा निहित रहनेछ ।
८. एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

**शिक्षालय प्रशासन**

# नगरको आन्तरिक स्रोत बलियो बनाउँछौं : नगर प्रमुख थापा



**पाल्पा**, असार ८/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नगरको आन्तरिक स्रोत बलियो बनाउने दिशामा नगर सरकार लागि परेको बताएका छन् । उनले रकम अभावमा नगरमा पर्याप्त बजेट ल्याउन नसकिएको भन्दै अब आन्तरिक स्रोत वृद्धि गर्नमा लागिएको बताए ।

रामपुर-७ को नाम्ले खोलामा निर्माण सम्पन्न कल्भर्ट योजनाको उद्‌घाटन गर्दै नगर प्रमुख थापाले विकासका लागि बजेटको आवश्यकता पर्ने र त्यसका लागि पर्याप्त बजेट नहुँदा समस्या उत्पन्न भएकाले आगामी आर्थिक वर्षदेखि आन्तरिक स्रोत वृद्धि गर्ने कुरामा ध्यान दिने बताएका हुन् । उनले भने 'नगरको विकासका लागि बजेटको आवश्कता पर्छ, अहिले बजेटको अभाव छ त्यसैले बजेटका लागि नगरको आन्तरिक आम्दानी बढाउनु पर्नेछ, त्यसमा हामी लाग्छौं ।' जनताको माग अनुसार बजेट विनियोजन गर्नका लागि स्थानीय तहको आन्तरिक स्रोत मजबुत हुन आवश्यक रहेको उनले उल्लेख गरे । नगरपालिकाले राजश्व बृद्धिका कार्यक्रमलाई प्रभावकारिताका साथ सञ्चालन गरिने नगर प्रमुख थापाले बताए । राजश्व बृद्धिका लागि करको दर भन्दा पनि करको दायरा बढाउने रणनीति तय गरेको उनले बताए । अहिले बजेट बनाउने समयमा नगरवासीबाट बढी माग आए पनि संघ र प्रदेशबाटै बजेट काटिएर आएकाले बजेट अभावका कारण सबैको मागलाई सम्बोधन गर्न सकिने अवस्था नरहेको नगर प्रमुख थापाले बताए ।

कार्यक्रममा ७ का वडा अध्यक्ष दोवराज तिवारीले थोरै बजेटमा पनि समयमै योजना सम्पन्न गरेकोमा धन्यवाद दिंदै यसको संरक्षण गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाली काँग्रस रामपुर नगरका सभापति नेत्र प्रसाद भट्टराईले नगरपालिकाले जनताको अत्यावश्यक कुरालाई मध्यनजर गरेर बजेट विनियाजन गरेकोमा धन्यवाद दिए । खोलामा कल्भर्ट निर्माण भएसंगै बर्षादको समयमा आवतजावत गर्न समस्या नहुने उनले बताए । नेकपा एमालेका प्रतिनिधि सुकदेव पोखरेलले कल्भर्ट निर्माणले यस क्षेत्रको जनतालाई राहत महशुस हुने भन्दै यसको संरक्षणमा ध्यान दिनु पर्ने धारणा व्यक्त गरे । कार्यक्रममा निर्माण समितिका अध्यक्ष यम प्रसाद भट्टराईले कल्भर्ट निर्माण सम्पन्न भएसँगै बर्षातको समयमा आवत जावतमा सहज हुने बाए । निर्माण समितिका अध्यक्ष यम प्रसाद भट्टराईको अध्यक्षता, सदस्य शिक्षा खनालको स्वागत र उमाकान्त भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सदस्यता शुद्धीकरण केन्द्रीय मापदण्ड अनुसार गर्न युनियनको माग

**पाल्पा,** असार ८/नेपाल प्रेस युनियन पाल्पा शाखाले पत्रकार महासंघको सदस्यता शुद्धीकरण केन्द्रीय समितिले निर्धारण गरेको मापदण्ड अनुसार हुनुपर्ने बताएको छ । पत्रकार महासंघ पाल्पा शाखाले आफु अनुकुल मापदण्ड बनाएर सदस्यता शुद्धीकरणका लागि प्रदेशमा सिफारिस गर्ने निर्णय गरेसँगै युनियनले विज्ञप्ति जारी गर्दै महासंघको केन्द्रीय मापदण्ड अनुसार गर्न महासंघलाई आग्रह गरेको हो ।

महासंघ पाल्पा शाखाको २०८० असार ५ गते बसेको बैंठकले महासंघको केन्द्रीय समितिले निर्धारण गरेको सदस्यता शुद्धीकरण मापदण्ड २०७९ विपरीत आफु खुसी मापदण्ड बनाई सदस्यता शुद्धीकरणको लागि प्रदेशमा सिफारिस गर्ने निर्णय गरेकोप्रति युनियनको गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष मन गहिरे र सचिव विष्णुप्रसाद घिमिरेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आफ्नो अनुकूलको निर्णयले जिल्लामा क्रियाशिल रही महासंघको संस्थागत विकासमा योगदान पुर्‍याएका कतिपय पत्रकारहरुलाई अन्याय हुने र पत्रकारिता क्षेत्रमा क्रियाशिल नरहेका व्यक्ति सदस्य रहन सक्ने युनियनको ठहर छ । महासंघको केन्द्रीय मापदण्डलाई नै वेवास्ता गर्दै आफु अनुकूल सदस्यता शुद्धीकरण मापदण्ड बनाई सिफारिस गर्ने निर्णय तत्काल फिर्ता नलिए संघर्षमा उत्रिन बाध्य हुने समेत युनियनले चेतावनी दिएको छ ।

**महासंघका पदाधिकारी र सदस्यको समेत आपत्ति**

पत्रकार महासंघ पाल्पा शाखाले सदस्यता शुद्धीकरणका विषयमा गरेको निर्णयप्रति महासंघका पदाधिकारी र सदस्यहरुले समेत आपत्ति जनाएका छन् । महासंघले आफु अनुकुलको मापदण्ड बनाएर सदस्यता शुद्धीकरणका लागि सिफारिस गर्ने निर्णयप्रति आफुहरुको आपत्ति रहेको युनियनमा आवद्ध पत्रकारहरुले बताएका छन् । महासंघका उपाध्यक्ष भरत शर्मा, कोषाध्यक्ष मुक्ति प्रसाद न्यौपाने, सदस्यहरु अनिल लिगल, दुर्गेश मल्ल र सुनिल कार्कीले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै महासंघको निर्णयप्रति आफुहरुको असहमति रहेको बताएका हुन् । केन्द्रीय मापदण्ड अनुसार शुद्धीकरण गरिनुपर्ने माग उनीहरुको छ । महासंघ केन्द्रीय समितिले जारी गरेको सदस्यता शुद्धीकरण मापदण्ड निर्देशिकामा जनप्रतिनिधि, निजामती तथा अन्य जुनसुकै सरकारी निकायको स्थायी, अस्थायी, करार सेवामा कार्यरत ( मिडियासँग सम्बन्धित सरकारी र संस्थान बाहेक) तथा गैरसरकारी संस्था (सहकारी, बैंक, फाइनान्स लगायत अन्य संघ संस्था) मा पूर्णकालीन काम गर्नेको सदस्यता नवीकरण नहुने र नयाँ सदस्यता पनि प्राप्ति नहुने उल्लेख छ ।

त्यसैगरी मापदण्डमा महासंघको सदस्यता लिएका तर कहिलेकाहिँ मात्र पत्रकारिता गर्नेको समेत सदस्यता नवीकरण नहुने उल्लेख छ । तर महासंघ पाल्पा शाखाले भने उक्त मापदण्ड विपरित गएर राजनीतिक दलका पदाधिकारी/जिल्ला कमिटि सदस्य, स्थायी शिक्षक, स्थायी कर्मचारी, स्वेच्छिक राजीनामा दिएका व्यक्तिहरु र विदेशमा रहेका व्यक्तिहरु भनि मापदण्ड बनाई महासंघ प्रदेशमा सदस्यता शुद्धीकरणका लागि सिफारिस गर्ने निर्णय गरेको छ ।

खेलकुद समाचार

## नेपाल आज नेदरल्यान्ड्ससँग खेल्दै



**काठमाडौं,** असार ८/आइसीसी विश्वकप छनोट-२०२३ को समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल आज (शनिबार) नेदरल्यान्ड्ससँग खेल्दैछ । जिम्बाबेको हरारे स्पोर्ट्स क्लबको मैदानमा हुने खेलमा नेपाल जीतको लक्ष्यसहित नेदरल्यान्ड्ससँग भिड्ने भएको हो ।

नेपाल र नेदरल्यान्ड्सबीचको खेल नेपाली समयअनुसार दिउँसो १२:४५ बजे हुनेछ । प्रतियोगिताको सुपर सिक्समा पुग्ने सम्भावना जीवितै राख्नका लागि नेपाललाई नेदरल्यान्ड्सविरुद्धको खेल जित्नैपर्ने हुन्छ । एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा नेपाल र नेदरल्यान्ड्स हालसम्म दुई पटक भिडेका छन् । दुवै टोलीले समान एक/एक जीत हासिल गरेका छन् । जारी प्रतियोगिताको समूह 'ए' मा नेपालसँगै जिम्बाबे, वेस्टइन्डिज, नेदरल्यान्ड्स र अमेरिका छन् । अमेरिका लगातार तीन खेलमा पराजित हुँदै सुपरसिक्सको सम्भावनाबाट बाहिरिएको छ । त्यसैगरी जिम्बावे र वेस्ट इन्डिज प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गर्दै सुपर सिक्समा स्थान करिब सुनिश्चित गरिसकेका छन् । अब समूह 'ए' बाट तेस्रो टोलीको रुपमा नेपाल र नेदरल्यान्ड्समध्ये एक सुपर सिक्समा प्रवेश गर्नेछन् । नेपाल पहिलो खेलमा जिम्बावेसँग ८ विकेट पराजित भएको थियो भने दोस्रो खेलमा नेपालले अमेरिकालाई ६ विकेटले पराजित गरेको थियो । त्यस्तै तेस्रो खेलमा वेस्ट इन्डिजसँग १०१ रनले पराजित भएको थियो । नेदरल्यान्ड्स पहिलो खेलमा जिम्बाबेसँग ६ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा अमेरिकालाई ५ विकेटले पराजित गरेको थियो । यससँगै तीन खेलपछि नेपालको दुई अंक छ भने दुई खेलेको नेदरल्यान्ड्सको पनि समान दुई अंक नै छ । नेपाल अंक तालिकाको चौथो स्थान र नेदरल्यान्ड्स तेस्रो स्थानमा छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## गुल्मीका पालिकामा १६ करोड बढी बजेट कटौती



**तम्घास,** असार ८/गुल्मीका १२ पालिकामा १६ करोडभन्दा बढी बजेट कटौती भएको छ । संघीय सरकारले वित्तीय समानीकरण अनुदान अन्तर्गत बजेट कटौती गर्दा जिल्लाका पालिकाहरुमा १६ करोड १७ लाख ५० हजार बजेट कटौती भएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख छविन्द बेल्वासेले जानकारी दिए ।

दुई नगरपालिका र १० गाउँपालिका गरी १२ पालिका रहेको गुल्मीमा सबैभन्दा धेरै रेसुङ्गा नगरपालिकामा एक करोड ६३ लाख ८७ हजार पाँच सय बजेट कटौती भएको छ । त्यस्तै मुसिकोट नगरपालिकामा एक करोड ५९ लाख ५० हजार बजेट कटौती गरिएको छ । गाउँपालिकामध्ये इस्मामा एक करोड २६ लाख ५० हजार, गुल्मी दरबारमा एक करोड ३३ लाख २५ हजार, कालीगण्डकीमा एक करोड १९ लाख ७५ हजार, चन्द्रकोटमा एक करोड ३२ लाख ८७ हजार पाँच सय बजेट कटौती भएको छ । त्यसैगरी छत्रकोटमा एक करोड ३१ लाख २५ हजार, धुर्कोटमा एक करोड ३३ लाख ७५ हजार, मदानेमा एक करोड २९ लाख ८७ हजार, मालिकामा एक करोड २८ लाख ७५ हजार, सत्यवतीमा एक करोड ३६ लाख ६२ हजार पाँच सय र रुरुक्षेत्रमा एक करोड २१ लाख ५० हजार बजेट कटौती भएको कोष तथा लेखा नियन्त्रक बेल्वासेले जानकारी दिए ।

रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले संघीय सरकारले बजेट कटौती गर्दा कार्यसम्पादनमा समस्या परेको बताए । धुर्कोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले बजेट कटौतीले सम्झौता गरिएका योजना समयमै भुक्तान दिन नपाएको गुनासो गरे । 'बजेट आउँछ भनेर योजना सम्झौता भयो, योजना कार्यान्वयन पनि भए तर बजेट नआउने भयो', उनले भने, 'त्यस्ता योजनाहरुको भुक्तानी आगामी आर्थिक वर्षमा दिन्छौ ।' *-रासस*

सर्पदंश (सर्पको टोकाई) बाट बच्न...
- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौ,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई